# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, पुस १० गते २०५५ साल (अतिरिक्ताङ्क ६१


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको सिफारिशमा निजकै अध्यक्षतामा देहाय अनुसारको मन्त्रिपरिषद् गठन गरी कार्य विभाजनसमेत गरिबक्सेको छ ।

| मन्त्रिपरिषद् गठन विधि | | कार्य विभाजन |
|---|---|---|
| १. श्री गिरिजाप्रसाद कोइराला | प्रधानमन्त्री | राजदरबार सम्बन्धी, रक्षा, परराष्ट्र, कृषि, भूमिसुधार, तथा व्यवस्था, आपूर्ति, निर्माण तथा वातायात, आवास तथा भौतिक योजना, वन तथा भू-संरक्षण र श्रम । |
| २. श्री भरतमोहन अधिकारी | मन्त्री | अर्थ र कानून तथा न्याय । |
| ३. श्री गोविन्दराज जोशी | मन्त्री | गृह र सामान्य प्रशासन । |
| ४. श्री गजेन्द्रनारायण सिंह | मन्त्री | उद्योग । |
| ५. श्री कुलबहादुर गुरुङ | मन्त्री | शिक्षा र महिला तथा समाज कल्याण । |
| ६. श्री अमृतकुमार बोहरा | मन्त्री | स्थानीय विकास । |
| ७. श्री प्रदीप नेपाल | मन्त्री | जलस्रोत र स्वास्थ्य । |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ८. | श्री पूर्णबहादुर खड्का | मन्त्री | वाणिज्य र युवा, खेलकूद तथा संस्कृति । |
| ९. | श्री भीमबहादुर रावल | मन्त्री | पर्यटन तथा नागरिक उड्डयन र विज्ञान तथा प्रविधि । |
| १०. | श्री जयप्रकाशप्रसाद गुप्ता | मन्त्री | सूचना तथा सञ्चार र संसदीय व्यवस्था । |
| ११. | श्री रमेशनाथ पाण्डे | मन्त्री | जनसंख्या तथा वातावरण । |

मौसूफबाट नेपाल र नेपालीको हित तथा उन्नति हुने कार्यमा यो मन्त्रिपरिषद्लाई सबैबाट आवश्यक सहयोग प्राप्त हुने नै छ भन्ने आशा व्यक्त गरिबक्सेको छ ।

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट सर्वोच्च अदालतमा रिक्त रहेको स्थायी न्यायाधीश दुई पदमा न्याय परिषद्को सिफारिशमा नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम पुनरावेदन अदालत, महेन्द्रनगरको मुख्य न्यायाधीश पदमा पदाधिकार रही सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा कार्यरत श्री राजेन्द्रराज नाखवा र पुनरावेदन अदालत, जुम्लाको मुख्य न्यायाधीश पदमा पदाधिकार रही सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा कार्यरत श्री टोपबहादुर सिंहलाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।